# अर्थ बुलेटिन

वर्ष ५ अंक ९ चैत, २०८०


## नेपाल सरकार
## अर्थ मन्त्रालय



## सम्पादकीय

- आर्थिक वर्ष २०८०/८१ को चैतसम्म संघीय सरकारको राजस्व परिचालन ९.४ प्रतिशतले वृद्धि भएको छ। यस अवधिमा संघीय सरकारको कुल खर्च ३.६ प्रतिशतले कमी आएको छ।
- व्यक्तिगत स्थायी लेखा नम्बर लिने करदाताको सङ्ख्या वृद्धि भएको छ। कम्पनी दर्ता संख्यामा पनि वृद्धि भएको छ।
- बीमाको दायरामा आएको जनसङ्ख्या केही घटेको छ भने कुल बीमा शुल्क सङ्कलन वृद्धि भएको छ। वैदेशिक रोजगारमा जाने थप कामदारको सङ्ख्या घटे तापनि विप्रेषण आप्रवाहमा वृद्धि भएको छ। पर्यटन आगमनमा उल्लेख्य वृद्धि भएको छ।
- वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फिति केही घटेको छ।
- कुल वस्तु निर्यात र आयात दुवैमा कमी आएको छ भने वस्तु व्यापार घाटा २.८ प्रतिशतले सुधार भएको छ।
- चालु खाता र शोधनान्तर स्थिति दुवै बचतमा छन्। फलस्वरुप विदेशी मुद्रा सञ्चिति समेत वृद्धि भएको छ।
- समग्रमा, बाह्य क्षेत्र सबल र सुदृढ बन्दै गएको छ। राजस्व सङ्कलनमा सुधार हुँदै गएको छ। चालु खर्च मितव्ययी बनाई पूँजीगत खर्च वृद्धि गर्न तथा लक्ष्य बमोजिम राजस्व परिचालन गर्न थप प्रयास गर्नुपर्ने देखिन्छ।


**प्रकाशन तथा सम्पादन**

**आर्थिक नीति विश्लेषण महाशाखा**

**सिंहदरवार, काठमाडौं**


## मुलुकको वर्तमान आर्थिक परिदृष्य

### संघीय सरकारी खर्च

१. आर्थिक वर्ष २०८०/८१ को चैत महिनासम्म संघीय सरकारको कुल खर्च गत आर्थिक वर्षको सोही अवधिको कुल खर्च रू. ९ खर्ब ४३ अर्ब ५ करोडको तुलनामा ३.६ प्रतिशतले कमी आई रू. ९ खर्ब ९ अर्ब ३९ करोड रहेको छ। यस अवधिको चालु र पुँजीगत खर्चमा क्रमशः ८.९ प्रतिशत र ९.२ प्रतिशतले कमी आएको छ भने वित्तीय व्यवस्था तर्फको खर्च ३०.२ प्रतिशतले वृद्धि भएको छ। चालु आर्थिक वर्ष सार्वजनिक संस्थानमा भएको सेयर तथा ऋण लगानी, आन्तरिक तथा वैदेशिक ऋणको साँवा भुक्तानी लगायतका खर्च वृद्धि भएकोले वित्तीय व्यवस्था तर्फको खर्च उल्लेख्य वृद्धि भएको हो।

**तालिका (क): पछिल्लो ५ वर्षको चैत महिनासम्मको खर्चको स्थिति (रू. करोडमा)**

| विवरण/आ.व. | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
|---|---|---|---|---|---|
| चालु | ४९५४३.०६ | ५२६९६.८० | ६२५५८.८९ | ७०६७६.५९ | ६४४०२.५४ |
| पुँजीगत | १०५५९.२० | १०५७२.६८ | १०३७९.११ | १०७२४.३४ | ९७३७.७४ |
| वित्तीय व्यवस्था | ७४७८.४८ | ५७५८.८५ | ६४९६.५६ | १२९०४.२३ | १६७९८.८६ |
| **कुल** | **६७५८०.७४** | **६९०२८.३३** | **७९४३४.५६** | **९४३०५.१६** | **९०९३९.१४** |

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय

२. चालु आर्थिक वर्षको चैतसम्मको कुल संघीय सरकारी खर्चमध्ये सबैभन्दा बढी असोज महिनामा १६.१ प्रतिशत र सबैभन्दा कम साउन महिनामा ३.९ प्रतिशत रहेको छ।

**तालिका (ख): चालु आर्थिक वर्षको संघीय सरकारी खर्चको मासिक विवरण (रू. करोडमा)**

| महिना | चालु खर्च | पुँजीगत खर्च | वित्तीय व्यवस्था | कुल खर्च | खर्च भार |
|---|---|---|---|---|---|
| **साउन** | १२१३.५८ | ८२.३१ | २२०७.८१ | ३५०३.७० | ०.०३९ |
| **भदौ** | ७५५२.७७ | ७३४.०८ | १३२३.५८ | ९९३०.२३ | ०.१०९ |
| **असोज** | १२५७२.६९ | ९६६.९२ | १४०३.५१ | १४६२३.३२ | ०.१६१ |
| **कात्तिक** | ५७७८.४३ | १२१५.६३ | ५१२.०९ | ७५०६.१५ | ०.०८३ |
| **मङ्सिर** | ८८८२.५३ | ६०७.०६ | २४७.०१ | ९७३६.६० | ०.१०७ |
| **पुस** | ८३०५.०० | १४३९.०० | २३१९.०० | १२०६३.०० | ०.१३३ |
| **माघ** | ६५९९.२२ | १३१२.८९ | ३४००.२६ | ११३१२.३७ | ०.१२४ |
| **फागुन** | ७३०६.७७ | १७६३.५९ | २४१२.५५ | ११४८२.९१ | ०.१२६ |
| **चैत** | ६१९१.५५ | १६१६.२६ | २९७३.०५ | १०७८०.८६ | ०.११९ |
| **जम्मा** | ६४४०२.५४ | ९७३७.७४ | १६७९८.८६ | ९०९३९.१४ | १.००० |

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय

## राजस्व परिचालन


३. आर्थिक वर्ष २०८०/८१ को चैत महिनासम्म संघीय सरकारको कुल राजस्व गत आर्थिक वर्षको सोही अवधिको कुल राजस्व रू. ६ खर्ब ८३ अर्ब ८१ करोडको तुलनामा ९.४ प्रतिशतले वृद्धि भई रू. ७ खर्ब ४८ अर्ब ४ करोड सङ्कलन भएको छ। कुल राजस्वमा कर र गैरकर राजस्वको योगदान क्रमशः ८९.७ प्रतिशत र १०.३ प्रतिशत रहेको छ। यस अवधिमा अन्य प्राप्ति सहित कुल प्राप्ति रू. ७ खर्ब ७० अर्ब २८ करोड रहेको छ। गत आ.व.को सोही अवधिमा यस्तो रकम रू. ७ खर्ब १९ अर्ब ६७ करोड रहेको थियो।

**तालिका (ग): पछिल्लो ५ आर्थिक वर्षको पहिलो नौ महिनाको राजस्व परिचालनको स्थिति (रू. करोड)**

| विवरण/आ.व. | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
|---|---|---|---|---|---|
| कर | ५३९५३.७४ | ६३६६९.७५ | ७२७७८.८० | ६१६११.८२ | ६७११.५६ |
| गैरकर | ५१०९.७७ | ४७१७.२७ | ६१४७.२४ | ६७६८.७४ | ७६९२.५६ |
| **कुल राजस्व** | **५९०६३.५१** | **६८३८७.०२** | **७८९२६.०४** | **६८३८०.५६** | **७४८०४.१२** |

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।


**चार्ट (क): पछिल्लो ५ आर्थिक वर्षको पहिलो नौ महिनाको राजस्व सङ्कलनको प्रवृत्ति (रू. करोड)**





स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय

४. आयात नियन्त्रण नीतिको आँशिक असर कायमै रहँदा गत आर्थिक वर्षको चैतसम्मको भन्सारजन्य राजस्व संकलन प्रभावित भई समग्र राजस्व सङ्कलन १३.४ प्रतिशतले घटेको थियो। चालु आर्थिक वर्षमा आन्तरिक तर्फको अन्तःशुल्क सङ्कलनमा केही कमी आएतापनि समग्र राजस्व सङ्कलन ९.४ प्रतिशतले वृद्धि भएको छ।

**चार्ट (ख): पछिल्लो २ आर्थिक वर्षको चैत महिनासम्मको सङ्कलित राजस्वको संरचना**




**आर्थिक वर्ष २०७९/८०**




**आर्थिक वर्ष २०८०/८१**

स्रोतः अर्थ मन्त्रालय

५. गत आर्थिक वर्षको पहिलो नौ महिनाको तुलनामा चालु आर्थिक वर्षको सोही अवधिको कुल राजस्वमा अन्तःशुल्क र मूल्य अभिवृद्धि करको योगदानमा कमी आएको छ भने अन्यको हिस्सा वृद्धि भएको छ।

**तालिका (घ): पछिल्लो दुई आर्थिक वर्षको चैत महिनासम्मको राजस्व सङ्कलनको विवरण (रू. करोड)**

| कर शीर्षक | आ.व.२०७९/८० को सङ्कलन | आ.व.२०८०/८१ वार्षिक लक्ष्य रू करोडमा | आ.व. २०८०/८१ को सङ्कलन | चैतसम्मको लक्ष्य | वार्षिक लक्ष्यको तुलनामा सङ्कलन | लक्ष्यको तुलनामा सङ्कलन (प्रतिशतमा) | वार्षिक प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|---|---|
| **भन्सार महशुल** | **१३०६१.१५** | **३०७४३.७७** | **१४३९७.०७** | **२३४६०.४४** | **४६.८** | **६१.४** | **१०.२** |
| **मूल्य अभिवृद्धि कर** | **२०२१६.०८** | **४२५८९.१४** | **२१८१४.८२** | **३०१२२.७५** | **५१.२** | **७२.४** | **७.९** |
| उत्पादन, बिक्री, सेवा | ७८९१.४२ | १५७२१.६२ | ८७२१.६३ | १०८७१.६३ | ५५.५ | ८०.२ | १०.५ |
| पैठारी | १२३२४.६६ | २६८६७.५२ | १३०९३.१९ | १९२५१.१२ | ४८.७ | ६८.० | ६.२ |
| **अन्तःशुल्क** | **१०३०७.१३** | **२०७२२.१४** | **१०४४१.५७** | **१४४९२.६०** | **५०.४** | **७२.०** | **१.३** |
| आन्तरिक उत्पादन | ७९६६.२८ | १५५५८.५५ | ७७३७.०४ | १०७५८.८७ | ४९.७ | ७१.९ | -२.९ |
| पैठारी | २३४०.८४ | ५१६३.५९ | २७०४.५३ | ३७३३.७३ | ५२.४ | ७२.४ | १५.५ |
| **शिक्षा सेवा शुल्क** | **१२६.८१** | **२८१.०२** | **२३७.८१** | **१९४.३३** | **८४.६** | **१२२.४** | **८७.५** |
| **आयकर** | **१७९००.६५** | **३६२११.८९** | **२०२२०.२८** | **२५०४०.८३** | **५५.८** | **८०.७** | **१३.०** |
| आयकर | १५३७९.३९ | ३०२३१.६२ | १७३८३.१८ | २०९०५.४२ | ५७.५ | ८३.२ | १३.० |
| ब्याज कर | २५२१.२६ | ५९८०.२७ | २८३७.०९ | ४१३५.४१ | ४७.४ | ६८.६ | १२.५ |
| **कर राजस्व जम्मा** | **६१६११.८२** | **१३०५४७.९६** | **६७१११.५५** | **९३३१०.९५** | **५१.४** | **७१.९** | **८.९** |
| **गैर कर जम्मा** | **६७६८.७४** | **११७०६.२१** | **७६९२.५६** | **७६३०.९१** | **६५.७** | **१००.८** | **१३.६** |
| **कूल राजस्व जम्मा** | **६८३८०.५६** | **१४२२५४.१७** | **७४८०४.११** | **१००९४१.८६** | **५२.६** | **७४.१** | **९.४** |
| **अन्य प्राप्ति** | **३५८६.६४** | **०.००** | **२२२३.७४** | **०.००** | **-** | **-** | **-३८.०** |
| **जम्मा राजस्व/प्राप्ति** | **७१९६७.२०** | **१४२२५४.१७** | **७७०२७.८५** | **१००९४१.८६** | **५४.१** | **७६.३** | **७.०** |

स्रोतः अर्थ मन्त्रालय

#भन्सार महशुल अन्तर्गत पैठारी, निकासी, पूर्वाधार कर, भन्सारको अन्य आय, कृषि सुधार शुल्क, सडक मर्मत तथा सुधार दस्तुर, सडक निर्माण तथा सम्भार दस्तुर समावेश गरिएको।

६. गत आर्थिक वर्षको चैत महिनासम्मको तुलनामा चालु आर्थिक वर्षको सोही अवधिमा शिक्षा सेवा शुल्कमा उल्लेख्य वृद्धि भएको छ भने आन्तरिक तर्फको अन्तशुल्क सङ्कलनमा केही कमी आएको छ। अन्य शीर्षकका कर सङ्कलन वृद्धि भएको छ।

७ चालु आर्थिक वर्षको चैत महिनासम्म शिक्षा सेवा शुल्क र गैरकर राजस्व लक्ष्यभन्दा बढी सङ्कलन भएको छ। यस अवधिको कुल राजस्व लक्ष्यको ७४.१ प्रतिशत सङ्कलन भएको छ भने वार्षिक राजस्व लक्ष्यको ५२.६ प्रतिशत सङ्कलन भएको छ।

## संघीय राजस्व

८. चालु आर्थिक वर्षको पहिलो नौ महिनामा संघीय सरकारको राजस्व परिचालन (बाँडफाँट अघिको रोयल्टी समेत) गत आर्थिक वर्षको सोही अवधिको रू. ५ खर्ब ९९ अर्ब २६ करोडको तुलनामा १०.०३ प्रतिशतले वृद्धि भई रू. ६ खर्ब ५९ अर्ब ३९ करोड पुगेको छ। यस अवधिमा आन्तरिक तर्फको अन्तःशुल्क सङ्कलनमा केही कमी आएता पनि प्रदेश र स्थानीय तहमा बाँडफाँट हुने कर राजस्व गत आर्थिक वर्षको रू. ८४ अर्ब ५५ करोडको तुलनामा ४.९ प्रतिशतले वृद्धि भई रू. ८८ अर्ब ६६ करोड पुगेको छ।

## करको दायरा विस्तार

९. २०८० चैतसम्म स्थायी लेखा नम्बर लिने करदाताको सङ्ख्या ६१ लाख नाघेको छ। यस अवधिमा दर्ता भएका कुल करदातामध्ये व्यक्तिगत स्थायी लेखा नम्बर लिने करदाताको सङ्ख्या ६७.३ प्रतिशत रहेको छ भने व्यावसायिक स्थायी लेखा नम्बर र करकट्टि गर्ने निकायले लिएको स्थायी लेखा नम्बर लिने करदाताको सङ्ख्या क्रमशः ३२.२ प्रतिशत र ०.५ प्रतिशत रहेको छ। यस अवधिसम्म मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाता ३ लाख २८ हजार ८ सय ८९ र अन्तःशुल्कमा दर्ता हुने करदाताको सङ्ख्या १ लाख २४ हजार १ सय ५२ पुगेको छ।

### तालिका (ङ): व्यक्तिगत तथा व्यावसायिक स्थायी लेखा नम्बर लिएका करदाताको विवरण

| दर्ताको प्रकार | २०८० असार मसान्त | आ.व. २०७९/८० को चैतसम्ममा थप | आ.व. २०८०/८१ को चैतसम्ममा थप | हालसम्मको जम्मा |
|---|---|---|---|---|
| व्यावसायिक स्थायी लेखा नम्बर (BPAN) | १८७६३०५ | ११४,१३७ | ९०३०७ | १,९६६,६१२ |
| करकट्टी गर्ने निकायले लिएको स्थायी लेखा नम्बर (WPAN) | २८१०७ | ७३९२ | ३९८७ | ३२,०९४ |
| व्यक्तिगत स्थायी लेखा नम्बर (PPAN) | ३६४९६१४ | ४५४३७३ | ४५७२७३ | ४,१०६,८८७ |
| **जम्मा स्थायी लेखा नम्बर** | **५५५४०२६** | **५७५,९०२** | **५५१,५६७** | **६,१०५,५९३** |
| मू.अ.कर | ३०८४७७ | १८२३० | २०४१२ | ३२८,८८९ |
| अन्तः शुल्क | ११६६७५ | ८७५१ | ७४७७ | १२४,१५२ |

स्रोतः आन्तरिक राजस्व विभाग


#स्थायी लेखा नम्बरको दर्ता खारेजीबाट कायम भएको सङ्ख्या मात्र समावेश गरिएको।

## वैदेशिक सहयोग तथा सार्वजनिक ऋण

१०. आर्थिक वर्ष २०८०/८१ को चैत महिनासम्म वैदेशिक सहायता प्रतिवद्धता गत आर्थिक वर्षको तुलनामा ३२.६ प्रतिशतले कमी आई रू. १ खर्ब २ अर्ब १४ करोड रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा वैदेशिक सहायता प्रतिवद्धता रू. १ खर्ब ५१ अर्ब ५२ करोड रहेको थियो।

११. कुल वैदेशिक सहायता प्रतिवद्धतामध्ये अनुदान सहायता ४०.४ प्रतिशत र ऋण सहायता ५९.६ प्रतिशत रहेको छ। यस अवधिमा भएको वैदेशिक सहायता प्रतिवद्धतामध्ये सबैभन्दा बढी एशियाली विकास बैंकबाट ४७.५ प्रतिशत रहेको छ। साथै, यस अवधिमा प्राप्त भएको वैदेशिक सहायता प्रतिवद्धतामध्ये सबैभन्दा बढी सहरी विकास क्षेत्रमा २१.६ प्रतिशत रहेको छ भने सबैभन्दा न्यून वातावरण क्षेत्रमा रहेको छ।

### चार्ट (ग): चालु आर्थिक वर्षको चैत महिनासम्मको कुल वैदेशिक सहायता प्रतिवद्धताको क्षेत्रगत संरचना (प्रतिशत)




स्रोतः अर्थ मन्त्रालय

१२. संघीय सरकारले आर्थिक वर्ष २०८०/८१ को पहिलो नौ महिनासम्म आन्तरिक ऋण रू. १ खर्ब ७६ अर्ब र बाह्य ऋण रू. ६२ अर्ब ९४ करोड गरी कुल रू. २ खर्ब ३८ अर्ब ९४ करोड कुल ऋण प्राप्त गरेको छ।

१३. चालु आर्थिक वर्षको चैतसम्म संघीय सरकारले आन्तरिक ऋणतर्फ रू. १ खर्ब २५ अर्ब ६२ करोड र बाह्य ऋणतर्फ रू. २६ अर्ब ८८ करोड गरी कुल १ खर्ब ५२ अर्ब ५० करोड कुल सावाँ भुक्तानी गरेको छ भने यस अवधिमा आन्तरिक ऋणतर्फ रू. ४९ अर्ब ७९ करोड र बाह्य ऋणतर्फ रू. ६ अर्ब ८७ करोड गरी कुल रू. ५६ अर्ब ६६ करोड ब्याज भुक्तानी गरेको छ।

१४. चालु आर्थिक वर्षको चैतसम्म संघीय सरकारको कुल तिर्न बाँकी ऋण रू. २३ खर्ब ८५ अर्ब ७९ करोड रहेको छ। जसमध्ये आन्तरिक ऋण ४९.४ प्रतिशत र बाह्य ऋण ५०.६ प्रतिशत रहेको छ।

## वित्तीय क्षेत्र

१५. आर्थिक वर्ष २०८०/८१ को चैतसम्म बैंक तथा वित्तीय क्षेत्रमा रहेको निक्षेप ७.२ प्रतिशतले वृद्धि भएको छ यस अवधिमा निजी क्षेत्रतर्फ प्रवाहित कर्जा ४.६ प्रतिशतले वृद्धि भएको छ। गत आर्थिक वर्षको सोही अवधिमा बैंक तथा वित्तीय क्षेत्रमा रहेको निक्षेप ७.० प्रतिशतले वृद्धि भएको थियो भने निजी क्षेत्रतर्फ प्रवाहित कर्जा ३.५ प्रतिशतले वृद्धि भएको थियो। चालु आर्थिक वर्षको चैतसम्म वार्षिक विन्दुगत आधारमा निक्षेप तथा निजी क्षेत्रमा जाने कर्जा प्रवाह क्रमशः १२.५ प्रतिशत र ४.९ प्रतिशतले वृद्धि भएको छ।

१६. २०७९ चैतसम्म बैंक तथा वित्तीय संस्थाको सङ्ख्या ११९ रहेकोमा गाभ्ने/गाभिने प्रक्रिया मार्फत् २०८० चैतसम्ममा यस्तो सङ्ख्या ११० कायम भएको छ। २०७९ चैतसम्म बैंक तथा वित्तीय संस्थाको शाखा सङ्ख्या ११, ६४३ रहेकोमा २०८० चैतमा यस्तो शाखा सङ्ख्या ११,५९० कायम रहेको छ।

## बीमा क्षेत्र

१७. चालु आर्थिक वर्षको चैत महिनासम्म जारी भएको कुल बीमालेख गत आर्थिक वर्षको सोही अवधिको तुलनामा २.१ प्रतिशतले कमी आई १ करोड ६१ लाख २८ हजार ९ सय ४१ रहेको छ। वैदेशिक रोजगार बीमालेखको सङ्ख्यामा वृद्धि भएतापनि म्यादी जीवन बीमालेख सङ्ख्यामा उच्च दरले कमी आउँदा कुल जीवन बीमालेखमा कमी आएको हो। कुल बीमालेखमध्ये जीवन बीमालेख (म्यादी जीवन बीमालेख र वैदेशिक रोजगार बीमालेख सहित) र निर्जीवन बीमालेखको हिस्सा क्रमशः ८६.० प्रतिशत र १४.० प्रतिशत रहेको छ। गत वर्षको सोही अवधिमा उक्त हिस्सा क्रमशः ८६.७ प्रतिशत र १३.३ प्रतिशत रहेको थियो।

१८. यस अवधिमा सङ्कलन भएको बीमा प्रिमियम रकम गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ४.१ प्रतिशतले वृद्धि भई रू. १ खर्ब ४० अर्ब ३१ करोड रहेको छ। गत आर्थिक वर्ष उक्त रकम रू. १ खर्ब ३४ अर्ब ७५ करोड रहेको थियो।


१९. यस अवधिको बीमा प्रिमियम रकममा जीवन बीमा र निर्जिवन बीमा तर्फको हिस्सा क्रमशः ७८.५ प्रतिशत र २१.५ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको चैतसम्म उक्त हिस्सा क्रमशः ७७.७ प्रतिशत र २२.३ प्रतिशत रहेको थियो।

२०. चालु आर्थिक वर्षको चैतसम्म जारी भएको म्यादी जीवन बीमालेख र वैदेशिक रोजगार बीमालेख समेत समावेश गर्दा बीमाको दायरामा आएको जनसङ्ख्या ४३.३ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा उक्त जनसङ्ख्या ४४.५ प्रतिशत रहेको थियो।

## पुँजी बजार

२१. २०८० चैत महिनाको १ गते २०८०.८८ विन्दुमा रहेको नेप्से सूचकाङ्क विभिन्न उतार चढावको बीच महिनाको अन्तिम कारोवार भएको दिन चैत २८ गते २०२५.७१ विन्दु कायम भएको छ। चैत महिनामा नेप्से सूचकाङ्क सबैभन्दा बढी २०८०.८८ विन्दु र सबैभन्दा कम २००४.०६ विन्दुमा रहेको थियो। चालु आर्थिक वर्षको यस अवधिमा वार्षिक विन्दुगत आधारमा बजार पुँजीकरण १४.० प्रतिशतले वृद्धि भई रू. ३२ खर्ब १२ अर्ब १ करोड कायम भएको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो रकम १७.७ प्रतिशतले कमी आई रू. २८ खर्ब १८ अर्ब ६१ करोड रहेको थियो।

**चार्ट (घ): २०८० चैत महिनाको नेप्से सूचकाङ्क**




स्रोतः नेपाल स्टक एक्सचेन्ज लिमिटेड

## मूल्य स्थिति

२२. २०८० चैत महिनामा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फिति ४.६ प्रतिशत रहेको छ। गत वर्षको सोही अवधिमा यस्तो मुद्रास्फिति ७.८ प्रतिशत रहेको थियो।

२३. २०८० चैतमा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फिति ५.२ प्रतिशत र गैर–खाद्य तथा सेवा समूहको मुद्रास्फीति ४.१ प्रतिशत रहेको छ। गत आर्थिक वर्षमा उक्त समूहको मुद्रास्फीति क्रमशः ६.९ प्रतिशत र ८.४ प्रतिशत रहेको थियो ।

## मुद्रा प्रदाय

२४. वार्षिक विन्दुगत आधारमा २०८० चैत मसान्तमा विस्तृत मुद्राप्रदाय १२.३ प्रतिशतले वृद्धि भएको छ। आर्थिक वर्ष २०८०/८१ को पहिलो नौ महिनासम्म विस्तृत मुद्रा प्रदाय ७.५ प्रतिशतले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा उक्त मुद्रा प्रदाय ६.४ प्रतिशतले बढेको थियो।

## बाह्य क्षेत्र

२५. पछिल्लो पाँच आर्थिक वर्षको चैत महिनासम्मको वस्तु निर्यातको तथ्याङ्क हेर्दा आर्थिक वर्ष २०७६/७७ देखि २०७८/७९ सम्म नेपालको कुल वस्तु निर्यात वृद्धि हुँदै गएकोमा त्यसपछिका आर्थिक वर्षहरुमा घट्दो क्रममा रहेको छ भने आयातमा समेत सोही प्रवृत्ति देखिन्छ। चालु आर्थिक वर्ष २०८०/८१ को चैतसम्मको वस्तु व्यापारमा निर्यात आयात अनुपात ९.८ प्रतिशत र कुल ब्यापारमा निर्यातको अंश ८.९ प्रतिशत रहेको छ। गत आर्थिक वर्ष २०७९/८० मा यस्तो अनुपात क्रमशः ९.८ प्रतिशत र ९.० प्रतिशत रहेको थियो।

**तालिका (च): पछिल्लो पाँच आर्थिक वर्षको चैत महिनासम्मको वस्तु व्यापारको विवरण (मूल्य रू. करोड)**

| विवरण | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
|---|---|---|---|---|---|
| आयात | ९८२५३.३८ | ११११३९.५ | १४६,६६६.२५ | १२०,१५०.९८ | ११६७३७.०५ |
| निर्यात | ७८८१.७४ | ९४७६.५९ | १६,०५७.१४ | ११,८२७.९७ | ११३९४.४५ |
| कुल व्यापार | १०६,१३५.१२ | १२०,६१६.०९ | १६२,७२३.३९ | १३१,९७८.९५ | १२८,१३१.५० |
| व्यापार घाटा | ९०,३७१.६४ | १०१,६६२.९१ | १३०,६०९.११ | १०८,३२३.०१ | १०५,३४२.६० |
| निर्यात आयात अनुपात (प्रतिशतमा) | ८.० | ८.५ | १०.९ | ९.८ | ९.८ |
| कुल व्यापारमा निर्यातको अंश (प्रतिशतमा) | ७.४ | ७.९ | ९.९ | ९.० | ८.९ |
| कुल व्यापारमा आयातको अंश (प्रतिशतमा) | ९२.६ | ९२.१ | ९०.१ | ९१.० | ९१.१ |

स्रोतः भन्सार विभाग

## वस्तु निर्यात

२६. आर्थिक वर्ष २०८०/८१ को पहिलो नौ महिनामा कुल वस्तु निर्यात गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ३.७ प्रतिशतले संकुचित भई रू. १ खर्ब १३ अर्ब ९४ करोड रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा कुल वस्तु निर्यात २६.३ प्रतिशतले न्यून भई रू. १ खर्ब १८ अर्ब २८ करोड रहेको थियो। यस अवधिमा फलामे पाता, प्लाइउड, फलफुलको जुस, तयारी कपडा लगायतका वस्तुको निर्यातमा वृद्धि भएको छ भने प्रशोधित पाम तेल, जुटका बुनिएका कपडा, ऊनी गलैंचा कार्पेट, अलैंची लगायतका वस्तुको निर्यात घटेको छ।

२७. यस अवधिको कुल निर्यातमध्ये भारत, चीन र अन्य देशतर्फ भएको निर्यातको अंश क्रमशः ६८.३ प्रतिशत, १.९ प्रतिशत र २९.८ प्रतिशत रहेको छ। गत वर्ष यस्तो निर्यात क्रमशः ७०.२ प्रतिशत, ०.५ प्रतिशत र २९.३ प्रतिशत प्रतिशत रहेको थियो।

२८. यस अवधिमा भारततर्फ भएको निर्यात ६.२ प्रतिशतले कमी आएको छ भने चीन तर्फको निर्यात २३२.० प्रतिशतले वृद्धि भएको छ। कोभिडको समयमा बन्द भएका नाका खुले पश्चात् यस्तो निर्यात वृद्धि भएको हो।

तालिका (छ): पछिल्लो दुई आर्थिक वर्षको चैतसम्म निर्यात भएका प्रमुख १० वस्तुको तुलनात्मक स्थिति (मूल्य रू. करोड)

| वस्तु | २०७९/८० | २०८०/८१ | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| सेन्थेटिक यार्न | ८७७.२४ | ८६४.८१ | -१.४ |
| फलामे पाता | ४९१.३८ | ८६३.५७ | ७५.७ |
| उनी गलैंचा कार्पेट | ८४७.५६ | ७८१.७१ | -७.८ |
| तयारी कपडा | ५८४.२३ | ६४४.७९ | १०.४ |
| फलफुलको जुस | ४५८.३९ | ६३५.१५ | ३८.६ |
| अलैंची | ६३५.७८ | ६२८.३१ | -१.२ |
| प्रशोधित पाम तेल | १७२९.७९ | ५७१.४४ | -६७.० |
| प्लाइउड | ३०५.९२ | ५४४.७० | ७८.१ |
| जमोठ कपडा | ३६२.१९ | ३४८.३८ | -३.८ |
| जुटका बुनिएका कपडा | ३७२.९८ | ३४०.३७ | -८.७ |
| अन्य | ५१६२.५१ | ५१७१.२२ | ०.२ |
| **कुल** | **११८२७.९७** | **११३९४.४५** | **-३.७** |

स्रोतः भन्सार विभाग

## वस्तु आयात

२९. आर्थिक वर्ष २०८०/८१ को चैतसम्म कुल वस्तु आयात गत आर्थिक वर्षको सोही अवधिको तुलनामा २.८ प्रतिशतले संकुचित भई रू. ११ खर्ब ६७ अर्ब ३७ करोड रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा कुल वस्तु आयात १८.१ प्रतिशतले कमी आई रू. १२ खर्ब १ अर्ब ५१ करोड रहेको थियो।

३०. चालु आर्थिक वर्षको पहिलो नौ महिनासम्म गत आर्थिक वर्षको सोही अवधिको तुलनामा एच.आर सीट, विद्युतबाट संचालित जीप कार र भ्यानहरु, तयारी कपडा, मोवाइल टेलिफोन, एलोपेथीक औषधी लगायतका वस्तुको आयात बढेको छ भने यस अवधिमा डिजेल, एलपी ग्यास, शुद्ध फलाम लगायतका वस्तुको आयात घटेको छ।

३१. यस अवधिको कुल वस्तु आयातमा पेट्रोल, डिजेल र एल.पी. ग्याँसको अंश १६.७ प्रतिशत रहेको छ। अघिल्लो आ.व. को सोही अवधिमा यस्तो अंश १७.२ प्रतिशत रहेको थियो।

३२. यस अवधिको कुल आयातमध्ये भारत, चीन र अन्य देशहरूतर्फको आयातको अंश क्रमशः ६२.५ प्रतिशत, १८.६ प्रतिशत र १८.९ प्रतिशत रहेको छ। गत आर्थिक वर्षमा यस्तो अनुपात क्रमशः ६२.७ प्रतिशत, १३.५ प्रतिशत र २३.८ प्रतिशत रहेको थियो।

३३. यस अवधिमा भारत तर्फको आयात ३.२ प्रतिशतले घटेको छ भने चीन तर्फको आयात ३३.४ प्रतिशतले वृद्धि भएको छ।

तालिका (ज): पछिल्लो दुई आर्थिक वर्षको चैत महिनासम्म आयात भएका प्रमुख १० वस्तुको तुलनात्मक स्थिति (मूल्य रू. करोड)


| वस्तु | २०७९/८० | २०८०/८१ | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| डिजेल | ११२४०.८३ | १०३२२.८४ | -८.२ |
| पेट्रोल | ४९७४.७२ | ५०२५.३९ | १.० |
| एल पि ग्यास | ४४८४.९८ | ४१००.८० | -८.६ |
| एच.आर.सिट | १४०१.७३ | ३३३१.४४ | १३७.७ |
| शुद्ध फलाम | ३०६३.७१ | २८९३.७६ | -५.५ |
| तयारी कपडा | १९६६.५६ | २६८१.३८ | ३६.३ |
| मोवाइल टेलिफोन | २०५१.४० | २२७९.०७ | ११.१ |
| अन्य एलोपेथीक औषधी | १८३१.६१ | २०५६.१० | १२.३ |
| पोलीथिन दाना | १९११.२४ | १८३०.८२ | -४.२ |
| अन्य कोइला | १९३३.९३ | १७९५.६४ | -७.२ |
| जम्मा | ३४८६०.७१ | ३६३१७.२४ | ४.२ |
| अन्य | ८५२९०.२७ | ८०४१९.८१ | -५.७ |
| **कुल** | **१२०,१५०.९८** | **११६,७३७.०५** | **-२.८** |

स्रोतः भन्सार विभाग

## व्यापार सन्तुलन

३४. आर्थिक वर्ष २०८०/८१ को चैतसम्म वस्तु व्यापार घाटा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा २.८ प्रतिशतले सुधार भई रू. १० खर्ब ५३ अर्ब ४३ करोड रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा वस्तु व्यापार घाटा १७.१ प्रतिशतले सुधार भई रू. १० खर्ब ८३ अर्ब २३ करोड रहेको थियो। नेपालको कुल व्यापारमा निर्यातको अंश न्यून रहेको हुँदा कुल वस्तु व्यापार सन्तुलनमा वस्तु आयातले मुख्य भूमिका खेल्ने गर्दछ। मूलतः आयात उच्च दरले वृद्धि हुँदा व्यापार घाटा पनि उच्च दरले बढ्ने र आयातमा कमी आउँदा व्यापार घाटामा पनि सुधार हुने प्रवृत्ति छ।


चार्ट (ङ): पछिल्लो ५ आर्थिक वर्षको पहिलो नौ महिनाको वस्तु व्यापार घाटाको स्थिति (रू. अर्ब)




स्रोतः भन्सार विभाग

३५. आयातमा आएको कमीसँगै पछिल्ला आर्थिक वर्षमा व्यापार घाटा कम हुँदै गएको छ। विगत पाँच आर्थिक वर्षको चैतसम्मको तथ्याङ्क विश्लेषण गर्दा कोभिड नियन्त्रण हुँदै गए पश्चात् आर्थिक गतिविधिमा भएको विस्तारसँगै आर्थिक वर्ष २०७८/७९ मा वस्तु आयातमा वृद्धि भएको र व्यापार घाटा उच्च भएको देखिन्छ भने त्यसपछिका आर्थिक वर्षमा वस्तु व्यापार घाटामा सुधार भएको छ।

चार्ट (च): पछिल्लो ५ आर्थिक वर्षको पहिलो नौ महिनाको कुल वस्तु व्यापारमा निर्यात र आयातको अंश (प्रतिशत)




स्रोतः भन्सार विभाग

३६. मुलुकको कुल व्यापारमा निर्यातको अंश न्यून रहेको छ। विगत पाँच आर्थिक वर्षको पहिलो नौ महिनाको तथ्याङ्क हेर्दा कुल व्यापारमा निर्यातको हिस्सा आर्थिक वर्ष २०७८/७९ सम्म सामान्य वृद्धि हुँदै गएकोमा त्यस पछिका वर्षमा पुनः घट्दै गएको छ। चालु आर्थिक वर्षको चैत महिनासम्मको कुल व्यापारमा निर्यात र आयातको अंश क्रमशः ८.९ प्रतिशत र ९१.१ प्रतिशत रहेको छ।

## सेवा व्यापार

३७. आर्थिक वर्ष २०८०/८१ को पहिलो नौ महिनाको कुल सेवा आय गत वर्षको सोही अवधिको सेवा आय रू. १ खर्ब १४ अर्ब ७२ करोडको तुलनामा ३६.३ प्रतिशतले वृद्धि भई रू. १ खर्ब ५६ अर्ब ३५ करोड पुगेको छ। यस अवधिमा गत वर्षको सोही अवधिको सेवा खर्च रू. १ खर्ब ७० अर्ब ९३ करोडको तुलनामा १७.९ प्रतिशतले वृद्धि भई रू. २ खर्ब १ अर्ब १७ करोड पुगेको छ।

३८. आर्थिक वर्ष २०८०/८१ को चैत महिनासम्म खुद सेवा आय रू. ४ अर्ब ४८ करोडले घाटामा रहेको छ। गत वर्षको सोही अवधिमा खुद सेवा आय रू. ५ अर्ब ५९ करोडले घाटामा रहेको थियो।

## विप्रेषण आप्रवाह र वैदेशिक रोजगार

३९. चालु आर्थिक वर्षको चैतसम्म वैदेशिक रोजगारमा जाने कामदारको सङ्ख्यामा १५.१ प्रतिशतले गिरावट आएपनि विप्रेषण आप्रवाह भने वृद्धि भएको छ।

४०. आर्थिक वर्ष २०८०/८१ को चैत महिनासम्म विप्रेषण आप्रवाह गत आर्थिक वर्षको सोही अवधिको रू. ९ खर्ब ३ अर्ब ३९ करोडको तुलनामा १९.८ प्रतिशतले वृद्धि भई रू. १० खर्ब ८२ अर्ब ६२ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह २४.२ प्रतिशतले वृद्धि भएको थियो। यस अवधिको विप्रेषण आप्रवाह अमेरिकी डलरमा १७.७ प्रतिशतले वृद्धि भएको छ।

४१. चालु आर्थिक वर्षको पहिलो नौ महिनामा अन्तिम श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा गएका नेपाली कामदारको सङ्ख्या गत आर्थिक वर्षको सोही अवधिको तुलनामा कमी आई ३ लाख २९ हजार ४ सय २२ रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा उक्त सङ्ख्या ३ लाख ८७ हजार ८ सय ३९ रहेको थियो। यस अवधिमा पुनः श्रम स्वीकृति लिने नेपाली कामदारको सङ्ख्यामा समेत केही कमी आई २ लाख १२ हजार ७ सय २१ रहेको छ।

## चालु खाता एवम् शोधनान्तर स्थिति

४२. आर्थिक वर्ष २०८०/८१ को चैतसम्म शोधनान्तर स्थिति रू. ३ खर्ब ६५ अर्ब १६ करोड बचतमा रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा शोधनान्तर स्थिति रू. १ खर्ब ७४ अर्ब २८ करोडले बचतमा रहेको थियो। त्यसैगरी, यस अवधिमा चालु खाता रू. १ खर्ब ७९ अर्ब ४८ करोडले बचतमा रहेको छ। गत वर्षको सोही अवधिमा चालु खाता रू. ६० अर्ब ४३ करोडले घाटामा रहेको थियो।

## विदेशी विनिमय सञ्चिति

४३. आर्थिक वर्ष २०८०/८१ को चैत महिनासम्म विदेशी विनिमय सञ्चिति गत वर्षको सोही अवधिको रू. १४ खर्ब ३३ अर्ब ७३ करोडको तुलनामा ३३.३ प्रतिशतले वृद्धि भई रू १९ खर्ब ११ अर्ब ८६ करोड कायम भएको छ।

४४. आर्थिक वर्ष २०८०/८१ को पहिलो नौ महिनासम्मको आयातलाई आधार मान्दा बैंकिङ्ग क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चितिले १५ महिनाको वस्तु आयात र १२.५ महिनाको वस्तु तथा सेवाको आयात धान्न पर्याप्त रहेको छ।

## विनिमय दर


४५. २०८० असार मसान्तको तुलनामा २०८० चैत मसान्तमा अमेरिकी डलरसँग नेपाली रुपैयाँ १.२३ प्रतिशतले अवमूल्यन भई अमेरिकी डलर एकको खरिद विनिमय दर रू. १३२.८० पुगेको छ। २०८० असार मसान्तमा उक्त विनिमय दर रू. १३१.१७ रहेको थियो।

## अन्य आर्थिक गतिविधि

### कम्पनी दर्ता

४६. आर्थिक वर्ष २०८०/८१ को चैत महिनासम्म दर्ता भएका कम्पनीको सङ्ख्या अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा ८.४ प्रतिशतले वृद्धि भई १८,७०३ रहेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा कम्पनी दर्ता सङ्ख्या २९.७ प्रतिशतले घटेको थियो।

**चार्ट (छ): पछिल्लो पाँच आर्थिक वर्षको पहिलो नौ महिनाको कम्पनी दर्ताको प्रवृत्ति (सङ्ख्या)**




स्रोतः कम्पनी रजिष्ट्रारको कार्यालय

## पर्यटक आगमन

४७. सन् २०२४ को अप्रिलसम्म नेपाल आउने पर्यटकको सङ्ख्या २७.४ प्रतिशतले वृद्धि भई ४ लाख १६ हजार ६९ पुगेको छ। गत वर्षको सोही अवधिमा उक्त सङ्ख्या ३ लाख २६ हजार ५ सय २८ रहेको थियो। २०२३ अगष्टदेखि २०२४ अप्रिलसम्मको कुल पर्यटक आगमन अघिल्लो आर्थिक वर्षको सोही अवधिको ६ लाख ५५ हजार ३ सय १३ को तुलनामा ३६.८ प्रतिशतले वृद्धि भई ८ लाख ९६ हजार ७ सय ३८ पुगेको छ।

४८. चालु आर्थिक वर्षको पहिलो नौ महिनासम्म पर्यटन क्षेत्रबाट प्राप्त भएको आयमा समेत ४०.० प्रतिशतले वृद्धि भई रू. ६० अर्ब ४५ करोड पुगेको छ। गत वर्षको सोही अवधिमा यस्तो आय रू. ४३ अर्ब १७ करोड प्राप्त भएको थियो।

४९. यस अवधिमा भ्रमण व्ययमा समेत ४२.५ प्रतिशतले वृद्धि भई रू. १ खर्ब ४३ अर्ब २२ करोड पुगेको छ। गत वर्षको सोही अवधिमा यस्तो भ्रमण व्यय रकम रू. १ खर्ब ५४ करोड रहेको थियो।

## अनुसूची

## चालु आर्थिक वर्षको पहिलो नौ महिनाको मासिक आर्थिक चर/परिसूचक

| सूचक/परिसूचक | आर्थिक वर्ष २०८०/८१ | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | ईकाइ | साउनसम्म | भदौसम्म | असोजसम्म | कात्तिकसम्म | मङ्सिरसम्म | पुससम्म | माघसम्म | फागुनसम्म | चैतसम्म |
| **वास्तविक क्षेत्र** | | | | | | | | | | |
| आर्थिक वृद्धि | प्रतिशत | ३.८७ प्रतिशत | | | | | | | | |
| उपभोक्ता मुद्रास्फीति | प्रतिशत | ७.५२ | ८.१९ | ७.५ | ५.३८ | ४.९५ | ५.२६ | ५.०१ | ४.८२ | ४.६१ |
| खाद्य तथा पेय पदार्थ | प्रतिशत | ८.९५ | ९.७४ | ८.३८ | ६.०१ | ५.१ | ५.७७ | ६.५१ | ५.९४ | ५.२१ |
| गैर खाद्य तथा सेवा | प्रतिशत | ६.४२ | ६.९९ | ६.८१ | ४.८९ | ४.८४ | ४.८५ | ३.८५ | ३.९५ | ४.१४ |
| **सार्वजनिक वित्त** | | | | | | | | | | |
| कर राजस्व | रू. करोड | ७०१८ | १२७९६ | १९९४६ | २५४३० | ३३७१९ | ४४३५५ | ५१०५० | ५७८६७ | ६७११२ |
| गैर कर राजस्व | रू. करोड | ८७० | १३१२ | १९६५ | २२३४ | २६२४ | ५२९५ | ५६९१ | ६०३७ | ७६९३ |
| कूल राजस्व | रू. करोड | ७८८७ | १४१०८ | २१९१२ | २७६६४ | ३६३४३ | ४९६५० | ५६७४० | ६३९०५ | ७४८०४ |
| अन्य प्राप्ति | रू. करोड | ९२६ | १३१६ | १५४६ | १६२६ | १७७४ | १८९० | २१४० | २२०३ | २२२४ |
| जम्मा राजस्व/प्राप्ति | रू. करोड | ८८१४ | १५४२४ | २३४५७ | २९२९० | ३८११७ | ५१५४० | ५८८८० | ६६१०७ | ७७०२८ |
| बाँटफाँट हुने राजस्व (प्रदेश र स्थानीय तहमा (बाँडफाँट अघिको रोयल्टी बाहेक)) | रू. करोड | ९५३ | १८०० | २८०० | ३५५८ | ४६९३ | ५७५६ | ६६७५ | ७७३७ | ८८६६ |

| सूचक/परिसूचक | आर्थिक वर्ष २०८०/८१ | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | ईकाइ | साउनसम्म | भदौसम्म | असोजसम्म | कात्तिकसम्म | मङ्सिरसम्म | पुससम्म | माघसम्म | फागुनसम्म | चैतसम्म |
| चालु खर्च | रू. करोड | १२१४ | ८७६६ | २१३३९ | २७११७ | ३६००० | ४४३०५ | ५०९०४ | ५८२११ | ६४४०३ |
| पुँजीगत खर्च | रू. करोड | ८२ | ८१६ | १७८३ | २९९९ | ३६०६ | ५०४५ | ६३५८ | ८१२१ | ९७३८ |
| वित्तीय व्यवस्था | रू. करोड | २२०८ | ३५३१ | ४९३५ | ५४४७ | ५६९४ | ८०१३ | ११४१३ | १३८२६ | १६७९९ |
| **कुल सार्वजनिक खर्च** | **रू. करोड** | **३५०४** | **१३११४** | **२८०५७** | **३५५६३** | **४५३००** | **५७३६३** | **६८६७५** | **८०१५८** | **९०९३९** |
| तिर्न बाँकी आन्तरिक ऋण | रू. करोड | ११२००९ | ११४०५३ | ११८३५७ | ११८३५७ | ११९७५७ | ११९८०४ | ११८८४४ | ११८९४४ | ११७९४८ |
| तिर्न बाँकी बाह्य ऋण | रू. करोड | ११७१७३ | ११७४१४ | ११७७६४ | ११७६७५ | ११८८५२ | १२०४२२ | १२०४९३ | १२०५४७ | १२०६३१ |
| कुल तिर्न बाँकी सार्वजनिक ऋण | रू. करोड | २२९१८१ | २३१४६७ | २३६१२२ | २३६०३३ | २३८६०९ | २४०२२७ | २३९३३८ | २३९४९१ | २३८५७९ |
| आन्तरिक ऋण प्राप्ति | रू. करोड | १३०६ | ४४२६ | ९७३१ | ९७३१ | १११३१ | १२८३१ | १५०३१ | १६३३१ | १७६०० |
| बाह्य ऋण प्राप्ति | रू. करोड | २७२ | ८५४ | १६०६ | १९१४ | ३५०८ | ५२०६ | ५४८१ | ५८२९ | ६२९४ |
| ऋण प्राप्ति (आन्तरिक र बाह्य) | रू. करोड | १५७८ | ५२८० | ११३३७ | ११६४५ | १४६३९ | १८०३७ | २०५१२ | २२१६० | २३८९४ |
| आन्तरिक ऋणको सावाँ भुक्तानी | रू. करोड | २२०८ | ३२८३ | ४२८४ | ४२८४ | ४२८४ | ५९३७ | ९०९७ | १०२९७ | १२५६२ |
| बाह्य ऋणको सावाँ भुक्तानी | रू. करोड | १२४ | ४६४ | ८६७ | १२६४ | १६८१ | १८०८ | २०१३ | २३०७ | २६८८ |
| आन्तरिक र बाह्य ऋणको सावाँ भुक्तानी | रू. करोड | २३३२ | ३७४८ | ५१५१ | ५५४८ | ५९६५ | ७७४५ | १११२० | १२६०४ | १५२५० |
| अन्तर्राष्ट्रिय विकास सहायता प्रतिवद्धता | रू. करोड | १०६३ | १०६३ | १३७८ | ४०६९ | ५८१७ | ५९९८ | ८९४८ | १०१२० | १०२१४ |
| वैदेशिक अनुदान सहायता प्राप्ति | रू. करोड | | | | | | | | १००६ | ११०७ |
| स्थायी लेखा नम्बर (हालसम्म) | (हजार) | ५६३१ | ५६९३ | ५७६८ | ५७९७ | ५८५४ | ५९१८ | ५९८० | ६०४९ | ६१०६ |

| सूचक/परिसूचक | आर्थिक वर्ष २०८०/८१ | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | ईकाइ | साउनसम्म | भदौसम्म | असोजसम्म | कात्तिकसम्म | मङ्सिरसम्म | पुससम्म | माघसम्म | फागुनसम्म | चैतसम्म |
| **सार्वजनिक वित्त, प्रतिशत परिवर्तन (वार्षिक बिन्दुगत)** | | | | | | | | | | |
| कर राजस्व | प्रतिशत | -०.७ | -२.१ | ५.३ | ३.५ | ११.८ | ९.४ | १०.० | ९.९ | ८.९ |
| गैर कर राजस्व | प्रतिशत | -४.२ | ०.१ | २.३ | ०.२ | ३.२ | ११.६ | १२.७ | ७.२ | १३.६ |
| **कुल राजस्व** | **प्रतिशत** | **-१.१** | **-१.९** | **५** | **३.२** | **११.२** | **९.७** | **१०.२** | **९.७** | **९.४** |
| अन्य प्राप्ति | प्रतिशत | -११.६ | -२८.६ | -३२.१ | -३२ | -३५.६ | -३९.२ | -३८.४ | -३७.४ | -३८.० |
| **जम्मा राजस्व/प्राप्ति** | **प्रतिशत** | **-२.३** | **-४.९** | **१.४** | **०.३** | **७.५** | **६.५** | **७.२** | **७.०** | **७.०** |
| चालु खर्च | प्रतिशत | ११४.५ | -१९.४ | -४.६ | -३.६ | १.६ | -२.७ | -४.२ | -४.४ | -८.९ |
| पुँजीगत खर्च | प्रतिशत | -४४.६ | ३९.३ | -९.४ | १४.१ | ६.१ | -५.६ | -४.१ | -३.६ | -९.२ |
| वित्तीय व्यवस्था | प्रतिशत | ४६.१ | ७८.८ | ४२.१ | २५.८ | २१.२ | १८.३ | ६३.४ | ६०.५ | ३०.२ |
| **कुल सार्वजनिक खर्च** | **प्रतिशत** | **५७.४** | **-२.४** | **०.९** | **१.३** | **४.१** | **-०.५** | **२.९** | **२.९** | **-३.६** |
| **मुद्रा तथा बैंकिङ** | | | | | | | | | | |
| विस्तृत मुद्राप्रदाय (M2) (वार्षिक बिन्दुगत) | प्रतिशत | १०.७ | ११.९ | १३.८ | १४.१ | १४.३ | १४.३ | १३.७ | १४.० | १२.३ |
| संकुचित मुद्राप्रदाय (M1) (वार्षिकबिन्दुगत) | प्रतिशत | -१०.० | -४.० | ३.० | ५.० | २.० | ४.० | ०.० | १.५ | -६.७ |
| एम ३ (M3) (वार्षिक बिन्दुगत) | प्रतिशत | १०.८ | १२ | १३.९ | १४.२ | १४.३ | १४.३ | १३.७ | १४.० | १२.३ |
| निक्षेप परिचालन (वार्षिक बिन्दुगत) | प्रतिशत | ११.९ | १३.२ | १४.९ | १४.३ | १५.० | १४.९ | १४.४ | १४.६ | १२.५ |
| कुल आन्तरिक कर्जा (वार्षिक बिन्दुगत) | प्रतिशत | ७.३ | ७.६ | ९ | ८.८ | ८.५ | ८.६ | ८ | ८.४ | ५.५ |

| सूचक/परिसूचक | आर्थिक वर्ष २०८०/८१ | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | ईकाइ | साउनसम्म | भदौसम्म | असोजसम्म | कात्तिकसम्म | मङ्सिरसम्म | पुससम्म | माघसम्म | फागुनसम्म | चैतसम्म |
| निजी क्षेत्रमा प्रवाह भएको कर्जा (वार्षिक बिन्दुगत) | प्रतिशत | ३.८ | ४ | ४.८ | ४.४ | ४.५ | ४.९ | ४.७ | ५.२ | ४.९ |
| निक्षेपको व्याजदर (वाणिज्य बैंक) | प्रतिशत | ८ | ८.१ | ७.९ | ७.८ | ७.६ | ७.३ | ७.०१ | ६.७४ | ६.५३ |
| कर्जाको व्याजदर (वाणिज्य बैंक) | प्रतिशत | १२.२ | १२.२ | १२.१ | १२ | ११.९ | ११.४ | ११.०८ | १०.७८ | १०.५५ |
| औषत आधारदर (वाणिज्य बैंक) | प्रतिशत | १०.१ | १०.१ | ९.९ | ९.७ | ९.६ | ९.४ | ९.०६ | ८.७७ | ८.५१ |
| वैक तथा वित्तीय संस्थाहरुको शाखा सञ्जाल | सङ्ख्या | ११५७४ | ११५६७ | ११५७८ | ११५५५ | ११५७० | ११५६७ | ११५८७ | ११५९३ | ११५९० |
| नेप्से सुचकाङ्क (मासिक कारोबार भएको अन्तिम दिनको) | रुपैंया | २०३३ | १९६५ | १८६५ | १८५२ | १९९५ | २१२१ | २१२१.८७ | २१०८.७३ | २०२५.७१ |
| बजार पुँजीकरण | रू. करोड | ३०४३०१ | २९६१३४ | २८६१५२ | २८५३०१ | ३०७६५२ | ३३३०७५ | ३३०२८४ | ३३१४६३ | ३२१२०१ |
| बीमा प्रिमियम सङ्कलन | रू. करोड | २३५९ | ३६२२ | ५१२६ | ६२१८ | ७७५१ | ९३६६ | १०९३९ | १२४८६ | १४०३१ |
| बीमाको दायरामा आएको जनसङ्ख्या (म्यादि, लघुम्यादि बैदेशिक रोजगार जीवन बीमालेख सहित) | प्रतिशत | ४४ | ४२.२ | ४३.४ | ४३ | ४३.१ | ४३.१ | ४३.१ | ४३.२ | ४३.३ |
| बाह्य क्षेत्र | | | | | | | | | | |
| चालु खाता | रू. करोड | १२९९ | २३५० | ५९०९ | ९६३८ | १४०२३ | १६१६२ | १६१६९ | १६६८७ | १७९४८ |
| चालु खाता (अमेरिकी डलरमा) | दश लाख | ९८ | १७८ | ४४५ | ७२५ | १०५४ | १२१० | १२१५ | १२५४ | १३४९ |
| शोधनान्तर स्थिति | रू. करोड | ३२९० | ५३६१ | ९९०७ | १४७११ | २१०५९ | २७३५२ | २९७७२ | ३२७५५ | ३६५१६ |

| सूचक/परिसूचक | आर्थिक वर्ष २०८०/८१ | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | ईकाइ | साउनसम्म | भदौसम्म | असोजसम्म | कात्तिकसम्म | मङ्सिरसम्म | पुससम्म | माघसम्म | फागुनसम्म | चैतसम्म |
| शोधनान्तर स्थिति (अमेरिकी डलरमा) | दश लाख | २४९ | ४०६ | ७४७ | ११०८ | १५८४ | २०६० | २२३९ | २४६४ | २७४७ |
| विप्रेषण आप्रवाह (रेमिट्यान्स) | रू. करोड | ११६०२ | २२८३७ | ३६५३४ | ४७७९६ | ६१३२५ | ७३३२२ | ८३९०० | ९६१२२ | १०८२६२ |
| विप्रेषण आप्रवाह (रेमिट्यान्स) (अमेरिकी डलरमा) | दश लाख | ८८० | १७२७ | २७५६ | ३६०२ | ४६१६ | ५५२० | ६३१४ | ७२३५ | ८१४७ |
| कुल विदेशी विनिमय सञ्चिति | रू. करोड | १५७३१२ | १५९८९० | १६४३०९ | १६९६७८ | १७६७०४ | १८१६५७ | १८४४९४ | १८७२८२ | १९११८६ |
| कुल विदेशी विनिमय सञ्चिति (अमेरिकी डलरमा) | दश लाख | ११८५२ | १२०१३ | १२३३१ | १२७५४ | १३३०५ | १३६९० | १३८९० | १४१४१ | १४३६४ |
| विदेशी विनिमय सञ्चिति पर्याप्तता (वस्तु आयात) | महिना | १२.५ | १२.६ | १२.४ | १३.६ | १४.१ | १४.५ | १४.७ | १४.८ | १५ |
| विदेशी विनिमय सञ्चिति पर्याप्तता (वस्तु तथा सेवा आयात) | महिना | १०.३ | १०.३ | १०.३ | ११.३ | ११.८ | १२.१ | १२.३ | १२.४ | १२.५ |
| कुल वस्तु निर्यात | रू. करोड | १३५३ | २६४५ | ४०८७ | ५०५६ | ६३२१ | ७४९७ | ८६८३ | १००६२ | ११३९४ |
| कुल वस्तु आयात | रू. करोड | १२९२४ | २५९७५ | ४०७७६ | ५१२५० | ६४२२१ | ७६८१७ | ८९७९४ | १०३०२२ | ११६७३७ |
| कुल वस्तु व्यापार घाटा | रू. करोड | ११५७१ | २३३३० | ३६६८८ | ४६१९४ | ५७९०० | ६९३२० | ८१११११ | ९२९६१ | १०५३४३ |
| वैदेशिक लगानी आप्रवाह | रू. करोड | २६५ | ३०० | ३३८ | ३६५ | ३९३ | ४५४ | ५१९ | ५६३ | ६४९ |
| वैदेशिक लगानी स्वीकृति | रू. करोड | ११९३ | १४६२ | १६६० | १८३५ | २०६१ | २२३४ | २२६८ | २९१३ | ३०१० |
| भ्रमण आय | रू. करोड | ४३९ | ९३४ | १७०२ | २५७४ | ३३९५ | ३९५६ | ४५४० | ५१३९ | ६०४५ |
| भ्रमण खर्च | रू. करोड | १७२६ | ३५६० | ५१८० | ६१९२ | ७५७३ | ९२८७ | १०४७५ | १२२८१ | १४३२२ |

| सूचक/परिसूचक | आर्थिक वर्ष २०८०/८१ | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | ईकाइ | साउनसम्म | भदौसम्म | असोजसम्म | कात्तिकसम्म | मङ्सिरसम्म | पुससम्म | माघसम्म | फागुनसम्म | चैतसम्म |
| **बाह्य क्षेत्र, प्रतिशत परिवर्तन (वार्षिक बिन्दुगत)** | | | | | | | | | | |
| विप्रेषण आप्रवाह (रेमिट्यान्स) | प्रतिशत | २५.८ | २२.१ | ३० | २६.४ | २७.६ | २५.३ | २१.६ | २१.० | १९.८ |
| विप्रेषण आप्रवाह (रेमिट्यान्स) (अमेरिकी डलरमा) | प्रतिशत | २१.५ | १७.७ | २५.९ | २३.१ | २४.५ | २२.६ | १९.१ | १८.८ | १७.७ |
| कुल विदेशी विनिमय सञ्चिति | प्रतिशत | ३१.३ | ३४.५ | ३१.८ | ३६.१ | ३६.७ | ३५.८ | ३३.४ | ३३.७ | २४.२ |
| कुल विदेशी विनिमय सञ्चिति (अमेरिकी डलरमा) | प्रतिशत | २५.८ | २८.५ | ३०.४ | ३२.८ | ३५.८ | ३३.२ | ३२.५ | ३२.६ | २२.७ |
| वस्तु निर्यात | प्रतिशत | -८.७ | -७.८ | -२.३ | -३.८ | -६.१ | -७.२ | -७.१ | -४.० | -३.७ |
| वस्तु आयात | प्रतिशत | -१.६ | -५.१ | १.७ | -७.७ | -३.४ | -३.१ | -२.३ | -२.७ | -२.८ |
| वस्तु व्यापार घाटा | प्रतिशत | -०.७ | -४.७ | २.१ | -३.३ | -३.१ | -२.६ | -१.८ | -२.५ | -२.८ |
| वैदेशिक लगानी आप्रवाह | प्रतिशत | ५४६.१ | २००.५ | ७९.१ | ६३.२ | ६३ | ७७.५ | ८२.६ | ८९.३ | ४६.५ |
| **अन्य** | | | | | | | | | | |
| कम्पनी दर्ता | सङ्ख्या | २१०२ | ४३९५ | ६९७५ | ८०८० | १००४२ | १२००७ | १४२५३ | १६५८६ | १८७०३ |
| विनिमय दर ( $1 = रू. ...) | रुपैंया | १३२ | १३३ | १३३ | १३३ | १३३ | १३२ | १३२.६ | १३२.१ | १३२.८ |
| विद्युत् उपलब्धता, मासिक कुल | हजार मेगावाट घण्टा | १४६८ | १४५१ | १४५६ | ११८५ | ९७४ | ८८१ | ९२५ | ९३६ | NA |
| विद्युत् निर्यात, मासिक कुल | हजार मेगावाट घण्टा | २५० | ३०४ | ४१० | ३७९ | ११५ | ३ | ० | ० | NA |

| सूचक/परिसूचक | आर्थिक वर्ष २०८०/८१ | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | ईकाइ | साउनसम्म | भदौसम्म | असोजसम्म | कात्तिकसम्म | मङ्सिरसम्म | पुससम्म | माघसम्म | फागुनसम्म | चैतसम्म |
| विद्युत् आयात, मासिक कुल | हजार मेगावाट घण्टा | ११ | १ | ० | ० | २८ | १६५ | ३२८ | ४०६ | NA |
| कुल विद्युत माग, मासिक कुल | हजार मेगावाट घण्टा | १४७६ | १४५३ | १०५० | ८०७ | ८६१ | ८८७ | ९८१ | ९८८ | NA |
| विद्युतको आन्तरिक खपत, मासिक कुल | हजार मेगावाट घण्टा | १२१८ | ११४७ | १०४७ | ८०६ | ८५८ | ८७८ | ९२५ | ९३६ | NA |
| पर्यटक आगमन | हजारमा | ६७ | १५८ | २७५ | ३८४ | ४८१ | ५६० | ६५७ | ७८५ | ८३० |
| श्रम स्वीकृति (नयाँ र पुनःश्रम स्वीकृति) लिने नेपाली | हजारमा | ५६ | १०६ | १६३ | २०६ | २७८ | ३४३ | ४०६ | ४७१ | ५४२ |

स्रोतः अर्थ मन्त्रालय/नेपाल राष्ट्र बैङ्क/उद्योग विभाग/कम्पनी रजिष्ट्रारको कार्यालय/विद्युत प्राधिकरण/नेपाल बीमा प्राधिकरण, २०८०